# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| खण्ड ६ | संख्या ५ | मिति २०७९।११।०४ |
|---|---|---|

## भाग २

## विहादी गाउँपालिका
## गण्डकी प्रदेश, नेपाल

### संवत २०७९ सालको कार्यविधि संख्या ५

### भकारो सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

विहादी गाउँपालिकाको वार्षिक स्विकृत कार्यक्रम अनुसार पशु पालन गर्ने कृषकहरुको भकारो सुधार गर्ने कार्यक्रम व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न विहादी गाउँपालिका गाउँ कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २(ण) अन्तर्गत अधिकार प्रयोग गरी यो भकारो सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ बनाएको छ ।

**प्रस्तावना:** कृषि व्यवसायलाई दिगो र उत्पादनशील बनाउन गुणस्तरीय प्राङ्गारीक वस्तुहरुको आवश्यकता अनिवार्य रहेको हुन्छ। माटोको उर्वराशक्ति कायम गर्दै कृषि क्षेत्रको दिगो विकास गरी खाद्यान्न, तरकारी लगायत विभिन्न वालीहरुमा आत्मनिर्भर बन्न चुनौतिपुर्ण रहेको र यसको चुनौती सामना गर्न विरुवालाई आवश्यक खाद्यतत्व पर्याप्त मात्रामा पुर्ति गर्न प्राङ्गारिक र रासायनिक मल मुख्य श्रोतको रुपमा रहेको छ । वर्षेनी कृषकहरुलाई रासायनिक मल समयमा उपलब्ध नहुनु,उपलब्ध भएपनि महंगो पर्ने भएकोले यस विहादी गाउँपालिकाले भकारो सुधार कार्यक्रम मार्फत पशु वस्तुको स्वास्थ्यमा सुधार, गुणस्तरीय प्राङ्गारिक मल उत्पादन, स्वच्छ दुध उत्पादन गरी दिगो रुपमा माटोको उर्वराशक्ति कायम राख्न तथा वातावरणीय सरसफाईमा सकारात्मक परीवर्तन ल्याउने उदेश्यले विहादी गाउँपालिकाले भकारो सुधार संचालन कार्यविधि २०७९ तयार गरी जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ:**

क. यस कार्यविधिको नाम **"भकारो सुधार कार्यक्रम संचालन कार्यविधि २०७९ "** रहेको छ।

ख. यो कार्य विधि विहादी गाउँकार्यपालिका बाट स्विकृत भएको मितिबाट लागु हुनेछ।

**२) परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाक यस कार्यविधिमाः-

क. "**कार्यपालिका"** भन्नाले विहादी गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ।

ख. "**कार्यविधि"** भन्नाले विहादी गाउँपालिकाको भकारो सुधार कार्यक्रम संचालन कार्यविधि २०७९ लाई सम्झनु पर्दछ।

ग. **"समिति**" भन्नाले कार्यविधिको दफा १२ बमोजिमको गठन हुने समितिलाई सम्झनु पर्दछ।

घ. **"वडा"** भन्नाले विहादी गाउँपालिकाको वडालाई सम्झनुपर्दछ।

ङ. **"कृषि विकास शाखा/पशु विकास शाखा**" भन्नाले विहादी गाउँपालिकाको कृषि विकास शाखा/पशु विकास शाखालाई सम्झनु पर्दछ।

**३) कार्यक्रम संचालनको उदेश्यः**

- ✓ गुणस्तरिय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत प्राङ्गारिक उत्पादनलाई जोड दिने।
- ✓ रासायनिक मलको प्रयोग कम गरी कृषि उत्पादन लागत घटाउने ।
- ✓ दिगो कृषि विकास गरी खाद्य सुरक्षामा योगदान पुऱ्याउने ।
- ✓ पशु वस्तुको स्वास्थ्यमा सुधार ल्याउन ।
- ✓ स्वच्छ दुध उत्पादन गर्ने ।
- ✓ दिगो रुपमा माटोको उर्वरा शक्ति कायम राख्ने ।
- ✓ वातावरणीय सरसफाईमा सकारात्मक परिवर्तन ल्याउने ।

## परिच्छेद-२
## कार्यक्रम संचालन प्रकृया

४) **कार्यक्रम संचालन गरिने वडाहरु**: विहादी गाउँपालिकाका सबै वडाहरुमा यो कार्यक्रम संचालन गरिनेछ। कृषकहरुलाई कार्यक्रमको बारेमा जानकारी दिन कृषि विकास शाखाले आवश्यकता अनुसार सुचना प्रकाशन गर्ने छ उक्त सुचना विहादी गाउँपालिकाको सूचना पाटी तथा सबै वडा कार्यालयमा पठाईनेछ।

५) **कार्यक्रम संचालन गरीने वडा तथा समुह छनोट:** गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम र गाउँपालिकाले गरेको सुचनाअनुसार कृषक समुहले गरेको प्रस्तावको आधारमा दफा १२ बमोजिमको समितिले पशुपालन तथा व्यावसायिक कृषि पकेट क्षेत्रलाई लक्षित गरी वडा तथा समुहको छनोट गर्नेछ।

६) **कार्यक्रम संचालनको लागि कृषक छनौटका आधार र संचालन प्रकृया देहाय बमोजिम हुनेछः-**

क. कार्यक्रम सञ्चालनका लागि कृषक /कृषक समुह/सहकारीको गाउँपालिका स्तरिय कृषि विकास समितिले छनौट गर्ने छ ।

ख. घरधुरी छनौट गर्दा पशुपालन तथा व्यावसायिक कृषि पकेट क्षेत्रलाई लक्षित गरी कार्यक्रम संचालन गरीनेछ साथै कृषकले १[1] वटा (भैंसि वा गाईगोरु ) पालेको हुनुपर्नेछ।

ग. एउटै व्यक्ति वा समुहलाई दोहोरो पर्ने गरी अनुदान वा सुविधा दिईनेछैन।

घ. छनौट भएका घरधुरीको जानकारी समितिले सुचना पाटीमा टाँस गर्नेछ।

ङ. भकारो सुधार गर्न चाहने कृषकको संख्या लक्ष्य भन्दा बढी भएमा दलित, जनजाती, अपाङ्ग, न्युन आयस्तर, लोपोन्मुखलाई प्राथमिकता दिई समितिले सिफारिस गरे बमोजिम कार्यक्रम संचालन गरीनेछ।

च. भकारो सुधार गर्न चाहने कृषकले फर्म दर्ता, स्थायी लेखा नं., करचुक्ता प्रमाणपत्र, पशु बीमा पोलिसी प्रमाणपत्र, नियमित खोप लगाएको कार्डको प्रतिलिपीका आधारमा मूल्यांकनको लागि प्राथमिकता दिईनेछ ।[2]

७) **फोकल व्यक्ति( focal person )** : भकारो सुधार कार्यक्रमलाई प्रभावकारी बनाउन र आवश्यक प्राविधिक सहयोग गर्न गाउँपालिकाले कृषि/पशु विकास शाखाको एक जना प्राविधिक कर्मचारीलाई फोकल व्यक्तिको रुपमा तोक्न सक्नेछ।

८) **न्युनत्तम मापदण्ड पुरा हुनपर्नेः**

क) भकारो सुधार गर्दा कम्तिमा १[3] (दुई) वटा पशुका लागि गहुत नचुहिने गरी पक्की गर्नु पर्ने,
ख) गहुँत संकलन ट्याङ्कीको व्यवस्था हुनुपर्ने,

---

[1] पहिलो संशोधनबाट परिवर्तन गरिएको

[2] प्रथम संशोधनबाट थप गरिएको

[3] पहिलो संशोधनबाट परिवर्तन गरिएको

ग) भकारो/मलखाद फ्याँक्ने खाडललाई घामपानी बाट जोगाउनको लागि उचित व्यवस्थापन गर्नुपर्ने छ ।

**९) अनुदान रकमको व्यवस्थाः** समितिबाट छनौट भएका कृषक/ समुहलाई प्रति भकारो सुधारको लागि एकमुष्ट रुपमा रु १०,००० ।- ( दश हजार मात्र।-) अनुदान उपलब्ध गराईनेछ। [4]

**१०) अनुदान दिईने रकम प्रवाहको व्यवस्थाः** भकारो सुधार कार्यक्रम सम्पन्न भएपछि विल भरपाईको आधारमा कम्तीमा रु २०००० बराबरको काम गरे वापत कृषककै खातामा भूक्तानी हुने गरि रु १०००० पालिकाले भूक्तानी गर्नेछ ।[5]

**११) कार्यक्रम अनुगमनको व्यवस्थाः** कार्यक्रमको नियमित अनुगमन विहादी गाउँपालिकाको कृषि विकास/ पशु विकास शखाले गर्नेछ र अनुगमन खर्चको व्यवस्था गाउँपालिकाले गर्नेछ।

**१२) कृषि विकास समितिको गठनः**

| | | |
|---|---|---|
| क. | गाउँपालकाको उपाध्यक्ष | -संयोजक |
| ख. | आर्थिक विकास समितिको संयोजक | -सदस्य |
| ग. | सम्बन्धि वडाको वडाध्यक्ष | -सदस्य |
| घ. | अगुवा कृषक समूहको प्रतिनिधि | -सदस्य |
| ङ. | कृषि / पशु विकास शाखा प्रमुख[6] | -सदस्य सचिव |

(गाउँपालिकाको अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत लाई दफा १२ अनुसार गठित बैठकमा आमन्त्रण गरिनेछ ।)

**१३) विविधः**

क) भकारो सुधार संचालन सम्वन्धी कार्यको व्यवस्थापन कृषि विकास समितिले गर्ने छ ।

**१४) बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयनमा अस्पष्टता एवम द्धिविधा उत्पन्न भएमा सो को समाधान विहादी गाउँपालिकाको गाउँकार्यपालिकाले गर्नेछ ।

[4] पहिलो संशोधनबाट संशोधन भएको

[5] पहिलो संशोधनबाट संशोधन भएको

[6] पहिलो संशोधनबाट संशोधन भएको

विहादी गाउँपालिका

**अनुसुचि- १**

**<u>निवेदनको ढाँचा</u>**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू, मितिः

विहादी गाउँपालिका, वहाकीठाँटी, पर्वत।

**विषयः भकारो सुधार कार्यक्रममा सहभागी गराईदिने बारे।**

प्रस्तुत विषयका सन्दर्भमा विहादी गाउँपालिकाको आ.व. २०..../२०.... को स्विकृत वार्षिक कार्यक्रम अनुसार मिति २०..../..../.... मा प्रकाशित भकारो सुधार कार्यक्रम संचालन गर्ने सम्बन्धि सूचना अनुसार मलाई मलखाद व्यवस्थापन गर्नको लागि एक वटा भकारो सुधार कार्यक्रम आवश्यक रहेको हुदा सो कार्यक्रममा सहभागी हुन तपशिल अनुसारको विवरण भरी यो निवेदन पेश गरेको छु।

संलग्न कागजातहरुः

१. नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी।
२. सम्बन्धित वडाको सिफारिस।
३. समुह /सहकारीको हकमा माग निर्णयको प्रतिलिपी।
४. कृषि फर्मको हकमा दर्ता-प्रमाणपत्र तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।

<u>निवेदक</u>

कृषकको नामः

ठेगानाः

सम्पर्क नं. :

दस्तखतः

विहादी गाउँपालिका

## अनुसुची २

## भकारो सुधार कार्यक्रमको लागि कृषकले बुझाउनु पर्ने फारमः

भकारो सुधार कार्यक्रम माग गर्ने कृषकको नामः

ठेगानाः.................. गाउँ/टोल................. वडा नं.........

जिल्ला..................

भकारो सुधार गरिने स्थानः..................गाउँ/टोल...........वडा नं..........गाउँपालिका............

जिल्लाः............

कृषक कहाँ भएको पशु संख्याः.........भैसी/रागो.......... गाई/गोरु..........

**कृषकको खेति विवरण**

| क्र.स | जम्मा जग्गाको क्षेत्रफल | सिञ्चित खेत क्षेत्रफल | वारी क्षेत्रफल | पाखो क्षेत्रफल | खेति नगरिएको जग्गाको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

मुख्य वालिहरुः

कृषक समूह/सहकारी संस्थामा आबद्ध भएको भए नामः

ठेगाना

मोवाइल नः

भकारो सुधार गर्नुको कारणः

बिहादी गाउँपालिका

## अनुसुची ३

## भकारो सुधार कार्यक्रम संचालनको लागि गरिने सम्झौता पत्र

विहादी गाउँपालिकाद्धारा कृषि विकास शाखा मार्फत संचालन गरीने चालु आ.व. २०..../२०.... को स्विकृत माटोको उर्वराशक्ति विकास कार्यक्रम (भकारो सुधार) |संचालन गर्न विहादी गाउँपालिकका कृषि/पशु विकास शाखा (यस भन्दा पछाडी पहिलो पक्ष भनिने) बिशिष्टताको आधारमा विहादी गाउँपालिका कृषि विकास समितिको बैठकबाट छनौट भएका कृषक/कृषक समूह अध्यक्ष श्री/सुश्री/श्रीमती......................................................(यस भन्दा पछि दोस्रो पक्ष भनिने) बिच तपशिल शर्तनामाहरु गरी गराई सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. पहिलो पक्षले दोस्रो पक्षलाई भकारो सुधारका लागि कार्ययोजना अनुसार सम्वन्धित कृषक/कृषक समूहको खातामा कार्य सम्पन्न प्रतिवेदनका आधारमा अनुदान स्वरुप तेस्रो पक्षको रोहवरमा गराउने छ ।
२. दोस्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक सह्योग प्राप्त गरी कृषि विकास समितिले निर्णय गरे अनुसारको व्यक्तिगत तथा समुहको निर्णय अनुसारको व्यक्तिगत तथा समूहमा समूहको निर्णय अनुसार निम्न संख्यामा .......... वटा भकारो सुधार गर्नेछ।
३. पहिलो पक्षले भकारो सुधार साथै गाई भैसिको पिसाव संकलन गर् नगरेको अनुगममन गर्ने छन र भकारो सुधारलाई माटोको उर्वराशक्ति विकासका लागि उपयोग गर्नुपर्ने छ।
४. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप भव्यतव्यको पुर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयम आफै हुने छ।
५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।
६. सम्झौता गरेको मिति देखि काम सुरु गर्न सकिने र ............सम्ममा कार्यसम्पन्न गरिसक्नु पर्नेछ ।
७. प्रति भकारोको लागि कार्यविधिमा पास भएवमोजिम एकमुस्ट अनुदान कार्य सम्पन्न भएको विल भरपाइ निवेदन सम्वन्धित भकारोको पशुसहित पशधनिको फोटो र सम्पन्न अन्य कागजात पेश भएपछि मात्र भुक्तानि दिइनेछ ।
८. भकारोको गुणस्तर कार्यविधिमा उल्लेख भएबमोजिम हुने छ ।

| **पहिलो पक्ष** | **रोहवर** | **दोस्रो पक्ष** |
|---|---|---|
| **विहादी गाउँपालिका तर्फ बाट** | नामः | उद्धमि तथा कृषकको तर्फ बाट |
| सहि गर्नेको नामः | | सहि गर्नेको नामः |
| | | पदः |
| सहि गर्नेको नामः | पदः कृषि / पशु शाखा प्रमुख | दस्तखतः |
| पदः प्रमुख प्रशासकीय अधिकृत | दस्तखतः | समूहको छापः |
| दस्तखतः | मितिः | सम्पर्क नम्वरः |
| कार्यालयको छापः | | मितिः |

आज्ञाले

चुर्ण बहादुर कार्की

प्रमुख प्रशासकीय अधिकृत